# जिल्लास्तरीय वार्षिक प्रगति समीक्षा
# भाद्र ७ र ८, २०७३

(आ. व. २०७२/०७३)

**प्रतिवेदन**




## जिल्ला विकास समितिको कार्यालय
## सुचना तथा अभिलेख केन्द्र

नुवाकोट, विदुर

२०७३

# जिल्ला विकास समिति, नुवाकोट
## जिल्लास्तरीय वार्षिक समीक्षा गोष्ठी (आ.व. २०६९/७०)

### बिषय-सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | पृष्ठभूमी | १ |
| २. | कार्यक्रमको कानुनी तथा ब्यवहारिक आधारहरु | १ |
| ३. | समीक्षा गोष्ठिको कार्यक्रम तालिका | ३ |
| ४. | वार्षिक प्रगति समिक्षा गोष्ठीमा प्रस्तुत बिषयगत कार्यालयहरुको प्रगति शांराश | ६ |
| ५. | जिल्लास्तरीय वार्षिक समिक्षा गोष्ठीमा उठेका सवालहरु | ११ |
| ६. | यस आ.व.मा सम्पादन भएका मुख्य कार्यहरु | ११ |
| ७. | गत आ.व. मा आईपरेका मुख्य समस्याहरु | ११ |
| ८. | समस्या समाधानका लागि अपनाइएका उपायहरु | १२ |
| ९. | अनुसूचीहरु | १३ |

जिल्ला विकास समिति, नुवाकोट
जिल्लास्तरीय वार्षिक प्रगति समीक्षा बैठक (आ.व. २०७२/०७३)
भाद्र ७ र ८, २०७३

## पृष्ठभूमी

जिल्लामा केन्द्र सरकारबाट प्राप्त हुने अनुदान तथा आन्तरिक आम्दानीको श्रोत र साधनलाई विकेन्द्रिकरणको माध्यमवाट विकास प्रक्रियालाई समुदायस्तरमा नै संस्थागत गरी अधिकतम उपयोगका साथ जिल्लाको समष्टिगत र दिगो रुपमा विकास गर्दै राष्ट्रिय विकासको नीतिलाई साकार पार्न जिल्ला विकास समितिको महत्वपुर्ण भूमिका रहन्छ । एकातिर जिल्ला विकास समितिले स्थानीय निकाय र केन्द्रिय निकायको समन्वयात्मक सन्तुलन ल्याइ सवै वर्गलाई विकासको मुल प्रवाहमा समाहित गर्ने नेतृत्वदायी भुमिका निर्वाह गरेको हुन्छ भने अर्कोतिर प्राप्त श्रोत, साधन र जनशक्तिको आधारमा प्राथमिकता प्राप्त विकास आयोजना छनौट सञ्चालन र अनुगमन, मुल्याङ्कन एवं दिगो ब्यवस्थापनमा टेवा पुऱ्याउने ब्यवस्थापकीय अभिभारा समेत वहन गरेको हुन्छ । त्यसका लागि गा.वि.स.तहदेखि जिल्लास्थित बिषयगत कार्यालयहरु समेतको समन्वय, अनुगमन, नियमन तथा नीतिगत ब्यवस्थापनलाई चुस्त र प्रभावकारी र जनचाहना अनुरुप गराउनु अति आवश्यक देखिन्छ ।
यसरी एकातिर जिल्ला विकास समितिले स्थानीय निकाय र केन्द्रीय निकायको समन्वयात्मक सन्तुलन ल्याइ सवै वर्गलाई विकासको मुल प्रवाहमा समाहित गर्ने नेतृत्वदायी भुमिका निर्वाह गरेको हुन्छ भने अर्कोतिर प्राप्त श्रोत, साधन र जनशक्तिको आधारमा प्राथमिकता प्राप्त विकास आयोजना छनौट सञ्चालन र अनुगमन, मुल्याङ्कन एवं दिगो ब्यवस्थापनमा टेवा पुऱ्याउने ब्यवस्थापकीय अभिभारा समेत वहन गरेको हुन्छ । त्यसका लागि गा.वि.स.तहदेखि जिल्लास्थित बिषयगत कार्यालयहरु समेतको समन्वय, अनुगमन, नियमन तथा नीतिगत ब्यवस्थापनलाई चुस्त र प्रभावकारी र जनचाहना अनुरुप गराउनु अति आवश्यक देखिन्छ । जिल्लास्थित सम्पूर्ण सरकारी कार्यालयहरुको सेवा प्रवाह र विकास निर्माणका कृयाकलापहरुका सन्दर्भमा विगतको कमी कमजोरीहरुलाई सुधार तथा परिमार्जनका लागि सम्पादित कार्यहरुको आवधिक समीक्षा एवं समालोचनात्मक मुल्याङ्कन अति नै जरुरी औजारको रुपमा लिने गरिन्छ । स्थानीय सरकार प्रति नागरिकको चाहना, इच्छा, आंकाक्षा असिमित रहेको छ । उनहिरुको सेवा तथा विकासका प्रतिफल प्राप्तीमा रहेको सन्तुष्टिको तहको मापन वा अनुमान गर्नका लागि वार्षिक रुपमा सम्पादित कार्यको समिक्षा गरिनु अत्यन्त जरुरी छ ।
स्थानीय निकायलाई सवल र सक्षम वनाई विकासको गतिलाई छिटो भन्दा छिटो जनता सामु पुऱ्याउनका लागि विकास प्रक्रियामा सामुहिक सहभागिता दर्शाई र उत्तरदायी गराई देश विकासको गतिमा तिव्रता ल्याउने उद्धेश्यवाट स्थानीय स्यायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ तयार गरी लागु गरिएको हो । यसै ऐन तथा नियमावलीको आधारमा जिल्ला विकास समितिले सेवा प्राप्तिका अतिरिक्त त्यस्ता सेवाको नागरिक वा उनिहरुको प्रतिनिधि माझ आफ्नो र जिल्लामा रहेको विकास निर्माणका प्रत्यक्ष सरोकार राख्ने अन्य सरकारी संयन्त्रको गत आर्थिक वर्ष भरी सम्पादित कार्यहरुको समिक्षा गर्नु पर्ने प्रावधान रहेको छ ।
जिल्लास्थित सम्पूर्ण सरकारी कार्यालयहरुको सेवा प्रवाह र विकास निर्माणका कृयाकलापहरको समालोचनात्मक मुल्याङ्कनको लागि सम्पादित कार्यहरुको आवधिक समीक्षा गरिनु अत्यन्त जरुरी देखिन्छ । देश विकासको र सशक्तिकरण मार्गतिर लागेको र द्धन्दवाट शान्तितर्फ गुज्रिरहेको छ । यसै परिवेशमा जनताको चाहना, इच्छा, आंकाक्षा असिमित रहेको छ । उनहिरुको सेवा तथा विकासका

प्रतिफल प्राप्तिमा रहेको सन्तुष्टिको तहको मापन वा अनुमान गर्नका लागि वार्षिक रुपमा सम्पादित कार्यको समीक्षालाई अत्यन्त महत्वपूर्ण औजारको रुपमा लिईन्छ ।
स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा सोही सम्बन्धी नियमावली २०५६ को आधारमा जिल्ला विकास समितिले सेवा प्रदानका अतिरिक्त त्यस्ता सेवाको नागरिक वा उनिहरुको प्रतिनिधि माझ आफ्नो र जिल्लामा रहेको विकास निर्माणका प्रत्यक्ष सरोकार राख्ने अन्य सरकारी संयन्त्रको आर्थिक वर्ष भरी सम्पादित कार्यहरुको समीक्षा गर्नु पर्ने प्रावधान रहेको छ ।

## कार्यक्रको कानुनी तथा ब्यवहारिक आधारहरू

- स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २११ उपदफा २ र नियमावली २०५६ को नियम २०२ को उपनियम ४ ले जिल्लामा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको समीक्षा गरेको हुनुपर्नेछ भन्ने ब्यवस्था भएको छ ।
- स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यविधी २०६९ को दफा ३६ अनुसार स्थानीय निकायले ऐन, नियम बमोजिम कार्यक्रम वा आयोजनाहरुको चौमाशिक र बार्षिक रुपमा प्रगति समीक्षा एवम् मूल्यांकन गर्नुपर्नेछ ।
- पारदर्शिता र जवाफदेहितालाई अभिवृद्धि गर्दै सम्पादित कार्यहरुको जानकारी जिल्लास्तरमा पनि गराई राम्रा अनुभवहरुलाई अनुकरण गर्ने र समस्याहरुलाई निराकरणका लागि आवश्यक कदम चाल्नका लागि सामुहिक छलफल र अन्तक्रियावाट सहज हुने देखि जिल्लास्तरमा यस्तो जिल्लास्तरीय वार्षिक समीक्षा वैठक गर्ने गरिएको हो ।
- जि.वि.स.को न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि अनुसार जि.वि.सले वार्षिक समीक्षा गोष्ठी सम्पन्न गरी सोको प्रतिवेदन सम्बन्धित निकायमा तोकिएको समयसीमा भित्र पठाईसक्नुपर्ने ब्यवस्था छ ।
- सुशासन ऐन को ब्यवस्था अनुसार प्रत्येक नागरिकले आफुसंग सम्बन्धित कृयाकलापहरुको जानकारी प्राप्त गर्न पाउनुपर्ने कानूनी ब्यवस्था रहेको पाईन्छ ।
- शुशासन (ब्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ७ अनुसार लक्ष्य सहितको कार्यक्रम तथा प्रगति सहितको प्रतिवेदन पेश गर्नुपर्ने ब्यवस्था रहेको छ ।
- सूचनाको हकसम्बन्धी ऐन २०६४ को प्रस्तावनामा नै राज्यका काम कारबाही लोकतान्त्रिक पद्धतिअनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुाचलाई सरल र सहज बनाउने ब्यवस्था रहेको ।

## यस आ.व.मा सम्पादन भएका मुख्य कार्यहरू:-

१. सडक योजनामा पेश्कीलाई निरुत्साहित गरिएको ।

२. Bottom up & Participatory Planing Approach लाई संस्थागत गर्ने प्रयास गरिएको ।

३. वडा नागरिक मंच र नागरिक सचेतना केन्द्रले योजना तर्जुमा र कार्यान्वयनमा महत्वपूर्ण सहयोग पुऱ्याएको ।

४. कार्यालयको पुरानो भवनमा तला थप गरी कार्यालय संरचना ब्यवस्थित वनाईएको छ ।

५. योजना तर्जुमा र कार्यान्वयनको लागि राजनैतिक दल र अन्य सरोकारवाला संग छलफल गरी टुङ्गो लगाउने गरिएको ।

६. न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यमा सफलता प्राप्त भई थप अनुदान प्राप्त हुने अवस्थामा रहेको ।

७. सामाजिक परिचालन कार्यक्रम जिल्लाका ६१ गाविसमा संचालन भएको ।

८. सडक आयोजनाहरुलाई दिगो वनाउन मर्मत सम्भार कोषको ब्यवस्था गरिएको ।

९. आन्तरिक राजश्व अभिवृद्धि तर्फ केहि प्रयास भएको जग्गा रजिष्ट्रेशन दस्तुरमा सुधार र विक्री कर लागु गरिएको ।

## मुख्य समस्याहरू,

१. बजेट,अख्तियारी समयमा प्राप्त नहुनु ।

२. निर्वाचित जनप्रतिनिधिको रिक्तता ।

३. योजनाको छनौट समयमा हुन नसकेको र योजनाको प्राथमिकिरण समेत हुन सकेन ।

४. जि.वि.स.को आन्तरिक श्रोत अपेक्षितरुपमा वृद्धि हुन नसकेको ।

५. जनश्रमदान जुट्न नसक्नु, उपभोक्ता समिति गठनमा विवाद र उपभोक्ता समितिले योजना प्रति जिम्मेवार र स्वामित्य भाव ग्रहण गर्न नसक्नु ।

६. योजना संख्या अधिक भएकोले अनुगमन मूल्यांकन कार्य प्रभावकारी हुन सकेन । जसले गर्दा योजना कार्यान्वयन वाट अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको ।

## समस्या समाधानका लागि अपनाइएका उपायहरू,

१. मन्त्रालयसंग समय समयमा पत्राचारको माध्यमवाट अनुरोध गर्ने गरिएको

२. वार्षिक जिल्ला विकास योजनामा समावेश भएका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने । वार्षिक जिल्ला

३. विकास योजना कार्यान्वयनको लागि मन्त्रालय पठाउने गरिएको ।

४. आन्तरिक आय श्रोत वृद्धि गर्न चालु आ.व. देखि विक्रि कर लिने गरेको र जग्गा रजिष्ट्रेशन दस्तुर थपघट भएको ।

५. स्थानीयस्तरका जनता र गाविसहरुलाई योजना कार्यान्वयनमा जिम्मेवार वनाउने प्रयास गरिएको ।

६. राजनैनिक दलहरु संलग्न अनुगमन समिति गठन गरी केही योजनाको अनुगमन कार्य शुरु गरिएको र अनुगमन सूचक समेत वनाईएको ।

समाप्त

**अनुसूची १**

(स्था.स्वा.शा.ऐन २०५५ को दफा २११ उपदफा २ र नियमावली २०५६ को नियम २०२ को उपनियम ४ अनुसार)

**जिल्लास्तरीय वार्षिक प्रगति समीक्षा बैठक**

**२०७३ भाद्र ७ र ८**

(आ.व. २०७२/७३)

## कार्यक्रम तालिका

अध्यक्षता ग्रहणः स्थानीय विकास अधिकारी तथा जि.वि.स.प्रमुख श्री केशर बहादुर पण्डितज्यू

अतिथीज्यूहरुको आशन ग्रहण

अतिथी : प्रमुख जिल्ला अधिकारी श्री बिष्णु प्रसाद पोखरेल

नेपाल कांग्रेस पार्टी प्रमुख/प्रतिनिधी श्री सुरेन्द्रराज अधिकारी

ने.क.पा.एमाले पार्टी प्रमुख नारायण प्रसाद खतिवडा

एकिकृत ने.क.पा.माओवादी केन्द्र प्रमुख/प्रतिनिधी हिरानाथ खतिवडा

रा.प्र.पा. नेपाल पार्टी प्रमुख/प्रतिनिधी बिष्णु प्रसाद सापकोटाज्यू

मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक)

रा.प्र.पा. प्रमुख/प्रतिनिधी रामकृष्ण भट्ट

सद्भावना पार्टी प्रमुख/प्रतिनिधी ज्यू

ने.क.पा.माले पार्टी प्रमुख पल्लवराज पाठक

ने.म.कि.पा. पार्टी प्रमुख/प्रतिनिधी बिष्णु प्रसाद घिमिरेज्यू

नेपाल परिवार दल प्रमुख शिवकृष्ण श्रेष्ठ

ने.क.पा. क्रान्तिकारी माओवादी प्रमुख/प्रतिनिधी ज्यू

नयाा शक्ति नेपाल प्रतिनिधी श्री गजेन्द्र न्यौपानेज्यू

कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख श्री मणिभद्र न्यौपाने

कार्यालय प्रमुखज्यूहरु, प्रतिनिधीहरु

उद्योग वाणिज्य संघका अध्यक्ष श्री तारा बहादुर कार्कीज्यू

नेपाल पत्रकार महासंघका अध्यक्ष श्री प्रकास अधिकारीज्यू

गैरसरकारी संस्था महासंघका अध्यक्ष श्री मिन कुमार के.सी.

लोकतान्त्रिक गै.स.स.महासंघका अध्यक्ष श्री बद्री त्रिपाठीज्यू

नागरिक समाजका अध्यक्ष बाबुराम लामिछाने

पत्रकारमित्रहरु

सामाजिक संघसंस्थाका प्रमुख/प्रतिनिधीहरु

नागरिक समाजका ब्यक्तित्वहरु

बिषयगत समितिका संयोजकहरु

स्वागत मन्तब्य तथा कार्यक्रमको उद्देष्यमाथि प्रकासः प्रमुख जिल्ला ईञ्जिनियर श्री लोकनाथ रेग्मी

समितिगत प्रस्तुतिकरण र समितिको अन्त्यमा खुल्ला छलफल

- राजनितिक दल तथा अन्य सरोकारवालाहरुबाट

# कार्यालयको प्रस्तुतिकरण

| आर्थिक विकास समिति | वन तथा वातावरण समिति | सामाजिक विकास समिति | संस्थागत श्रोत तथा क्षमता विकास समिति | भौतिक पूर्वाधार विकास समिति |
|---|---|---|---|---|
| कृषि विकास कार्यालय | जिल्ला वन कार्यालय | जिल्ला शिक्षा कार्यालय | ईलम प्रशिक्षण केन्द्र | जिल्ला विकास समिति, जि.प्रा.का. |
| जिल्ला पशु सेवा कार्यालय | जलउत्पन्न प्रकोप नियन्त्रण सब डि. का. | महिला तथा वालवालिका कार्यालय | स्थानीय विकास कोष | विदुर न.पा |
| उपोष्ण प्रदेशीय वागवानी विकास केन्द्र, | जिल्ला भूसंरक्षण कार्यालय | जिल्ला स्वास्थ्य कार्यालय | सम्वन्धित गैससहरु | नेपाल बिद्युत प्राधिकरण |
| कृषि विकास वैक | सामुदायिक वन उपभोक्ता महासंघ | जिल्ला आयुर्वेद कार्यालय | | आवास तथा शहरी विकास कार्यक्रम |
| कृषि अनुसन्धान केन्द्र (मत्स्य) | सम्वन्धित गैससहरु | नेपाल रेडक्रस | | डिभिजन सडक कार्यालय |
| कृषि सामग्री कम्पनी लि. | | जिल्ला हुलाक कार्यालय | | डिभिजन सिचाई कार्यालय |
| भेडा विकास फार्म | | जिल्ला खेलकुद विकास समिति | | खानेपानी तथा सरसफाई डि.कार्यालय |
| डिभिजन सहकारी कार्यालय | | गै.स.स. महासंघ | | नेपाल टेलिकम |
| घरेलु तथा साना उद्योग विकास कार्यालय | | नुवाकोट दरबार हेरचाह कार्यालय | | जिल्ला मालपोत कार्यालय |
| उद्योग बाणिज्य संघ | | स्थानीय शान्ति समिति | | नापी कार्यालय |
| जिल्ला सहकारी संघ | | जिल्ला वालकल्याण समिति | | सम्वन्धित गैससहरु |
| सम्वन्धित गैससहरु | | सम्वन्धित गैससहरु | | |

शुभकामना मन्तब्यः प्रमुख जिल्ला अधिकारी श्री बिष्णु प्रसाद पोखरेल

धन्यवाद् ज्ञापन तथा समापन मन्तब्य : अध्यक्ष एवं जि.वि.स.प्रमुख श्री केशर बहादुर पण्डितज्यू बाट

## वार्षिक प्रगति समिक्षा गोष्ठी

**प्रगति शारांश**

| सि.नं. | विषयगत कार्यालय | बिनियोजित बजेट रु हजारमा | खर्च बजेट रु हजारमा | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | वित्तीय | भौतिक |
| **क** | **आर्थिक विकास** | | | | |
| १ | जिल्ला कृषि विकास कार्यालय | ५८४५०।५ | ५३१९५।८६ | ९१।०१ | |
| २ | जिल्ला पशु सेवा कार्यालय | ४१४८० | ४०१३० | ९६।७५ | |
| ३ | डिभिजन सहकारी कार्यालय | १०८६८ | ८७९९ | ८०।९६ | |
| ४ | कृषि सामाग्री कम्पनी लि. | ५७८० | ५६७४ | ९८।१७ | |
| ५ | उपोष्ण प्रदेशीय वागवानी विकास केन्द्र | | | | |
| ६ | घरेलु तथा साना उद्योग विकास समिति | ८४२६ | ७९४६ | ९४।३० | |
| ७ | कृषि अनुसन्धान केन्द्र (मत्स्य) | ३३२६६ | २९६७७ | ८९।२१ | ९२।२ |
| | जम्मा | १५८२७०।५ | १४५४२१।८६ | | |
| **ख** | **वन तथा वातावरण समिति** | | | | |
| ८ | जिल्ला वन कार्यालय | १३००० | १६५४ | १२।७२ | १०० |
| ९ | जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय | ४६५०० | ४२३२२ | ९१।०२ | |
| १० | जिल्ला भू-संरक्षण कार्यालय | २७८०० | २४५०० | ८८।१३ | |
| | जम्मा | ८७३०० | ६८४७६ | | |
| **ग)** | **सामाजिक समिति** | | | | |
| १४ | जिल्ला शिक्षा कार्यालय | १९५५५६ | १८५९४७ | ९५।०९ | |
| १५ | जिल्ला जनस्वास्थ्य कार्यालय | १६०२५९ | १४२२६५ | ८८।७७ | |
| १६ | जिल्ला आयुर्वेद कार्यालय | १२२४० | १०८२८ | ८८।४६ | |
| १७ | महिला तथा बालबालिका कार्यालय | १७१३० | १६७४५ | ९७।७५ | |
| १९ | जिल्ला खेलकुद विकास समिति | ९७९३ | ८३२३ | ८४।९९ | |
| | जम्मा | ३९४९७८ | ३६४१०८ | | |
| **घ)** | **भौतिक पूर्वाधार विकास समिति** | | | | |
| २० | शहरी विकास तथा भवन डिभिजन कार्यालय | ११७७४४ | १०६७७६ | ९०।६८ | |
| २१ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १७०७२२ | १०८६७९ | ६३।६६ | |
| २२ | डिभिजन सडक कार्यालय | | | | |
| २३ | विदुर नगरपालिका कार्यालय | ७२२७२ | ५९१९७ | ८१।९१ | |
| २५ | जिल्ला विकास समितिको कार्यालय, जि.प्रा.का. | १२२२६७५ | १००८७५४ | ८२।५० | |
| | जम्मा | १५८३४१३ | १२८३४०६ | | |
| | कुल जम्मा | २२२३९६१।५ | १८६१४११।८६ | | |












नमस्कार

# वार्षिक प्रगति विवरण आ.व.२०७२/०७३

## जिल्ला विकास समितिको कार्यालय, नुवाकोट

0

## आ.ब. ०७२/०७३ को वित्तिय समष्टिगत प्रगति विवरण (रू. ००० मा)

| कार्यक्रमको नाम | गत मौज्दात | विनियोजित वजेट | यथार्थ आय | यथार्थ खर्च | वांकी |
|---|---|---|---|---|---|
| राजस्व बांडफांड | ५८७९ | १०००० | १२३५५ | ८३२१ | ९९१३ |
| जि.वि.स.कोष (निकासी कर, अन्य कर) | ९४६५१ | ५०००० | ७०८६२ | ६७६६० | ९७८५३ |
| अन्य (भारतिय दुताआवास, उर्जा, सडक वोर्ड) | ३८८१६ | २१०८५७ | २१०८५७ | ११२२६५ | १३७४०८ |
| कोष तर्फ कुल जम्मा | १३९३४६ | २७०८५७ | २९४०७४ | १८८२४६ | २४५१७४ |
| केन्द्रिय अनुदान | | ८३०३०८ | ६३४५२७ | ६३२२६२ | |
| जम्मा | २७८६९२ | १३७२०२२ | १२२२६७५ | १००८७५४ | ४९०३४८ |
| वित्तिय प्रगती | | | | | ७७.०७ |

## आ.ब. ०७२/०७३ को वित्तिय प्रगति ........................क्रमश(रू ,००० मा)

| कार्यक्रमको नाम | विनियोजित वजेट | | यथार्थ आय | | यथार्थ खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | पूजींगत | चालु | पूजीगत | चालु | पूंजीगत | चालु | पूंजीगत | चालु |
| ग्रामीण खानेपानी तथा सरसफाई | ७००० | ३६१३ | ५२५१ | १७७१ | ५२५१ | १७७१ | ७५.०१ | ४९.०२ |
| जि.वि.स.अनुदान | ६४७६५ | ३५९४४ | ३३६०० | २९३२० | ३३६०० | २९३२० | ५१.८८ | ८१.५७ |
| गा.वि.स. अनुदान | १०३७९२ | २६७१३ | १०३७९२ | २६७१३ | १०३७९२ | २६७१३ | १००.०० | १००.०० |
| स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | २२००० | | १५२०२ | | १५२०२ | | ६९.१० | ०.०० |
| झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | १८०६० | | १४०४२ | | १४०४२ | | ७७.७५ | ०.०० |
| सामाजिक सुरक्षा | | २४८२०१ | | २४८२०१ | | २४८२०१ | | १००.०० |
| संस्कृति पर्यटन | ५००० | | ३१४५ | | ३१४५ | | ६२.९० | ०.०० |

## आ.ब. ०७२/०७३ वित्तिय प्रगति ......................क्रमशः (रू ,०००) मा)

| कार्यक्रमको नाम | विनियोजित वजेट | | यथार्थ आय | | यथार्थ खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | पूंजीगत | चालु | पूंजीगत | चालु | पूजीगत | चालु | पूजीगत | चालु |
| रोजगार प्रवर्द्धन कार्यक्रम | २४५ | ४३०४ | २४५ | ३०६७ | २४५ | ३०६७ | १००.०० | ७१.२६ |
| उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान विकास कार्यक्रम | २७५ | | २७५ | | २७५ | | १००.०० | ०.०० |
| स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | | ४५४८६ | | ३८९०४ | | ३८९०४ | ०.०० | ८५.५३ |
| रोयल्टी ब्यवस्थापन | २७७२१ | | २७७२१ | | २७७२१ | | १००.०० | ०.०० |
| स्थानीय स्तरका सडक पुल कार्यक्रम | ३५००० | | ८६६३ | | ८६६३ | | २४.७५ | ०.०० |
| संचित विदा, औषधि उपचार | | १६११ | | १६११ | | १६११ | ०.०० | १००.०० |
| निर्वाचन क्षेत्र विकास कार्यक्रम | ६३००० | | ६२१९९ | | ६२१९९ | | ९८.७३ | ०.०० |

3

## आ.ब. ०७२/०७३ को वित्तिय प्रगति ..........................................क्रमश:

| कार्यक्रमको नाम | विनियोजित वजेट | | यथार्थ आय | | यथार्थ खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | पूंजीगत | चालु | पूंजीगत | चालु | पूजीगत | चालु | पूजीगत | चालु |
| आर्थिक केन्द्र तथा दुइ जिल्ला जोड्ने सडक | १०६१०८ | | ८८१९ | | ८८१९ | | ८.३१ | ०.०० |
| राष्ट्रीय विकास स्वयम सेवक | | १५७ | | १३४ | | १३४ | ०.०० | ८५.३५ |
| गुम्मा ब्यवस्थापन तथा विकास | १८०० | | १८०० | | १८०० | | १००.०० | ०.०० |
| स्थानीय निकाय वित्तिय आयोग | | ४९६ | | ४९६ | | ४९६ | ०.०० | १००.०० |
| स्थानीय शान्ति समिति | | १३५२ | | १३५२ | | १३५२ | ०.०० | १००.०० |
| आदिवासी जनजाति उत्थान कार्यक्रम | | ३२४४ | | ३२४४ | | ३२४४ | ०.०० | १०० |
| साना सिचाई नदि नियन्त्रण | ५४०० | | ४८७७ | | ४८७७ | | ९०.३१ | ०.०० |
| गरिव संग विश्वेश्वर कार्यक्रम | | २२६५ | | २२६५ | | २२६५ | ०.०० | ०.०० |



## भौतिक प्रगति विवरण

| परियोजना /कार्यक्रम | मुख्य गतिविधि | इकाई | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | विभिन्नि ग्रामीण सडकहरु स्तरोन्नती (ग्याविन वाल, टेवा प्रर्खाल, नाली, हुयपाईप, ग्राभेल) | वटा | २८ | २४ | ८१ |
| | गाविस केन्द्र जोड्ने सडक (नया ट्रयाक) | वटा | ८ | ७ | |
| ग्रामीण खा.पा तथा सरसफाई कार्यक्रम | सरसफाई प्रवन्ध कार्यक्रम | पटक | ३ | ३ | ८६ |
| | क्रमागत खा.पा | वटा | ४ | ३ | |
| | खा.पा. योजना मर्मत सम्भार | वटा | १८ | १८ | |
| | नयां खा.पा योजना | वटा | ३ | २ | |
| जि.वि.स अनुदान पूजीगत | सार्वजनिक निर्माण सुधार (आर्थिक सामाजिक पूर्वाधार) | वटा | ५३ | ४४ | ७७ |
| | लक्षीत वर्ग | वटा | ५४ | ३८ | |
| | विभिन्न कार्यक्रम म्याचिङ फण्ड | वटा | ३ | ३ | |
| | प्रवर्धनात्मक कार्यक्रम | वटा | ३५ | २६ | |
| | गत आ.व. २०७१/०७२ को फिज रकमवाट संचालित योजना | वटा | २१ | १७ | |



## भौतिक प्रगति विवरण .......................................... क्रमश:

| परियोजना /कार्यक्रम | मुख्य गतिविधि | इकाई | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| सडकवोर्ड नेपालको सहयोगमा संचालित कार्यक्रम | सडक मर्मत गर्ने कार्य | वटा | ५ | ४ | ८४ |
| आर्थिक केन्द्र जोड्ने सडक | विभिन्न सडक आयोजना | वटा | २७ | २६ | ९० |
| झो.पु क्षेत्रगत कार्यक्रम | झो.पु. मर्मत सम्भार | वटा | ११ | ११ | ६३ |
| | झो.पु. निर्माण (SSTB) सम्पन्न | वटा | ७ | ६ | |
| | झो.पु. निर्माण (SSTB) क्रमागत | वटा | १० | ० | |
| उपेक्षित उत्पीडित दलित उत्थान | बगुंर वितरण | वटा | ६५ | ६५ | १०० |
| संस्कृती प्रवर्धन कार्यक्रम | विभिन्न मठमन्दिर, गुम्वा संरक्षण | वटा | २१ | १५ | ७३ |



## भौतिक प्रगति विवरण .......................................... क्रमश:

| परियोजना /कार्यक्रम | मुख्य गतिविधि | इकाई | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| वौद्ध दर्शन प्रवर्धन तथा गुम्वा विकास समिति | विभिन्न गुम्वा मर्मत सुधार | वटा | १८ | १८ | १०० |
| रोयल्टी ब्यवस्थापन तथा वितरण | उर्जा विकास | वटा | १३ | ११ | ९८ |
| | साना सिचाई | वटा | १८ | १६ | |
| | स-साना खानेपानी | वटा | २० | १७ | |
| | पर्यटन पूर्वाधार | वटा | ५ | ४ | |
| | सार्वजनिक निर्माण सुधार | वटा | ४२ | ३५ | |
| | प्राथमिकता प्राप्त आयोजना | वटा | ६६ | ५६ | |
| निर्वाचन क्षेत्र विकास कार्यक्रम | निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम ( ३ क्षेत्र) | वटा | ४५ | ३९ | ९९ |
| | निर्वाचन क्षेत्र विकास कार्यक्रम (९ सभासद्) | वटा | १६५ | १५९ | |
| स्थानीयस्तरका सडक पुल | विभिन्न पुल निर्माण | वटा | ५ | ० | ० |

## भौतिक प्रगति विवरण ...................................... क्रमशः

| परियोजना /कार्यक्रम | मुख्य गतिविधि | इकाई | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| साना सिचाई, नदि नियन्त्रण र अन्य पूर्वाधार कार्यक्रम | विभिन्न साना सिचाई | वटा | १८ | १६ | ८५ |
| | नदि नियन्त्रणको लागि तारजाली खरिद | पटक | १ | १ | |
| राजश्व वांडफांड | विभिन्न कोषहरु स्थापना | वटा | ७ | ७ | ८२ |
| | गैसस साझेदारी कार्यक्रम | वटा | १ | १ | |
| | सामाजिक तथा धार्मिक साझेदारी कार्यक्रम | वटा | ६ | ६ | |
| | विशेष क्षेत्र विकास कार्यक्रम | वटा | १२ | १० | |
| | पर्यटन पूर्वाधार | वटा | ६ | ५ | |
| | स्वास्थ्य क्षेत्र | वटा | २ | २ | |
| | सार्वजनिक निर्माण सुधार | वटा | ९ | ८ | |



## भौतिक प्रगति विवरण ...................................... क्रमशः

| परियोजना /कार्यक्रम | मुख्य गतिविधि | इकाई | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | केफियत |
|---|---|---|---|---|---|---|
| जिविस कोष | आर्थिक सामाजिक पुर्वाधार कार्यक्रम | वटा | ४९ | २८ | ७२ | |
| | प्रवर्धनात्मक कार्यक्रम | वटा | २९ | २३ | | |
| | लक्षित वर्ग (महिला,वालवालिका, अन्य) | वटा | २२ | ११ | | |
| | आन्तरिक आयको ३५ प्र. रकम न.पा, गाविस अनुदान उपलब्ध | नपा/ गाविस रू. | २५० लाख | २५० लाख | | |
| स्थानीय शान्ति समिति | गाविस स्तरीय शान्ति समिति अनुदान | गाविस | ६१ | ६१ | १०० | |
| समष्टीगत भौतिक प्रगति प्रतिशत | | | | | ८८.२२ | |
| जम्मा योजना संख्याः ८८७ सम्पन्न ६९४ | | | | | | |



## सञ्चालित आयोजनाको विवरण

| योजना | सङ्ख्या |
|---|---|
| १ लाख भन्दा कम | 319 |
| १-५ लाख सम्म | 472 |
| ५-१० लाख सम्म | 74 |
| १० लाख भन्दा माथि | 22 |
| कूल | 887 |
| न.पा./गा.वि.स. कार्यालयहरुलाई अख्तियारी वा निकासा दिइएका आयोजनाको संख्या | 378 |
| **सडकतर्फ समष्टिगत भौतिक उपलब्धी** | |
| सडक ग्राभेल | १४ कि.मी |
| सडक कालोपत्रे | ०.४ कि.मी. |
| सडक स्तरोन्नती | ५८ कि.मि. |
| नयां ट्याक/ट्याक सुधार | १६ कि.मि. |



## भूकम्पपश्चात् पुनर्निर्माणको प्रगति

| विवरण | अस्थायी | | |
|---|---|---|---|
| | निर्माणाधिन | सम्पन्न | गाविसके नाम |
| गा.वि.स. भवन | | 8 | चारघरे, कल्याणपुर, रातमाटे, जिलª, वेल्काट, खानीगांउ, तुप्चे, गणेशस्थान |

| विवरण | घरधुरी | वितरण गरिएको रकम (०००) |
|---|---|---|
| अनुदान सम्झौता (गा.वि.स.ले गरेको मात्र) | 47457 | 101950 (२०३९) |
| कुल लाभग्राही संख्या | 65759 | |
| गुनासा संख्या | 9483 | |

## जिल्ला प्राविधिक कार्यालय तर्फः

| परियोजना /कार्यक्रम | मुख्य गतिविधि | इकाई | लक्ष्य | | प्रगति | | प्रगति प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | भौतिक | वित्तिय | भौतिक | वित्तिय | |
| **शान्तिका लागि विकास कार्यक्रम** | | प्र.श | १०० | ७९३० | ७५ | ५२१८ | ७५ | ६५.८० | |
| **पूनःनिर्माण तथा पूर्न स्थापना कार्यक्रम** | | प्र.श | १०० | १६२०० | ९० | १४१५९ | ९० | ८७.४० | |
| **राष्ट्रिय ग्रामीण यातायात सुद्धिणिकरण कार्यक्रम** | क. नियमित मर्मत संभार | कि.मी | ९८ | ६२०० | ९८ | ५८१०.५४ | १०० | १०० | |
| | ख. आवधिक मर्मत संभार | कि.मी | २२ | ५५०० | १२ | १८८५.३७ | १० | ३४.२७९ | |
| | ग. सडक स्तरोन्नती | कि.मी | ११ | ३१४०९ | ११ | १७३८७.५४ | ७० | ६५ | |
| | घ. आयोजना प्रभावित परिवारलाई सहयोग | प्र.श. | १०० | १५० | ७२ | १०७.२ | ७२ | ७२.०० | |
| | ङ . चालु खर्च | प्र.श. | १०० | २४०५ | १०० | २४०४.८ | १०० | १०० | |
| | च. अनुसन्धान तथा परामर्श | प्र.श. | १०० | ११३४४ | १०० | ६२५२.७६ | १०० | ५५ | |
| | **जम्मा** | | | **५७००८** | | **३३८४८.२१** | | | |
| | **कूल जम्मा** | | | **८११३८।००** | | **५३२२५।२१** | ७७.१२ | ६५.६० | |

12

## योजना/परियोजना म्याचिङ फण्ड
२०७२/०७३

| सि.न | परियोजना /कार्यक्रम | आ.व. ०७२/०७३ को म्याचिङ रकम |
|---|---|---|
| १ | **झो.पु. कार्यक्रम** | ८०० |
| २ | **स्थानीय विकास कोष** | ३०० |
| ३ | **सडक वोर्ड नेपाल** | १४७० |
| | **जम्मा** | २५७० |

## पञ्जीकरण अभिलेख
२०७२

| विवरण | दर्ता संख्या |
|---|---|
| जन्म | १५९४७ |
| मृत्यु | ३१५० |
| विवाह | ३१५४ |
| बसाईसराई | १३८४ |
| सम्बन्ध बिच्छेद | १८ |
| जम्मा | २२२६९ |

## उर्जा तथा वातावरण क्षेत्र :
२०७१/०७२

| आयोजना/कार्यक्रम | इकाई | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| लघु जलविद्युत योजना (गाउखर्क) | वटा | १ | १ | १०० |
| संस्थागत सौर्य विद्युत प्रणाली | वटा | १ | १ | १०० |
| वायो ग्यांस प्लान्ट निर्माण | वटा | १०० | १०० | १०० |
| सुधारीएको माटोको चुलो निर्माण | वटा | १००० | १०७९ | १०७.९ |
| सुधारिएको पानी घट्ट निर्माण | वटा | १० | १० | १०० |
| राष्ट्रिय विद्युतीकरणमा सहयोग कार्यक्रम | वटा | २४ | २० | ८३.३३ |
| सोलार पम्पीङ योजना | वटा | ३ | ३ | १०० |

## सामाजिक सूरक्षा भत्ता ब्यवस्था कार्यक्रम:

| विवरण | आब ०७२/७३ मा भत्ता प्राप्त गर्ने संख्या | लगत कट्टा गरिएको संख्या | खर्च रकम (रु. हजारमा) | फ्रिज रकम (रु. हजारमा) | आ.ब ०७३/७४ मा भत्ता वितरण गर्नु पर्ने संख्या |
|---|---|---|---|---|---|
| औषधि उपचार वृद्ध-वृद्धा | 1608 | 302 | 189321 | | 16833 |
| बृद्ध भत्ता | 1405 | 154 | 7506 | | 1416 |
| अपाङ्ग भत्ता | 779 | 22 | 6051 | | 1050 |
| एकल महिला भत्ता | 6934 | 290 | 39864 | | 7424 |
| बाल संरक्षण अनुदान | 2608 | 334 | 5457 | | 2849 |
| कुल | 27744 | 1102 | 248200 | 0 | 29572 |

16

## गाविस अनुदान विवरण.................................................... (रू. हजारमा)

| गाविस संख्या | कुल निकासा | | | कुल खर्च | | | खर्च प्रतिशत | संचालित आयोजना संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | पूजींगत | चालु | जम्मा | पूजींगत | चालु | जम्मा | | |
| ६१ | ८१५८७ | २६७१३ | १०८३०० | ८१५८७ | २६७१३ | १०८३०० | १०० | १५७२ |

## पेश्की तथा वेरुजु तर्फ

आ.व. २०७१-०७२ सम्मको कूल वेरुजु : ८,९७,३८,५६८

आ.व. २०७०-७१ सम्मको कूल फर्छ्यौटः ०

आ.व.२०७२-७३ मा फर्छ्यौट रकम : ६,९७,४२,६२४

प्रतिशत- ७७

आ.व. २०७१-७२ को थप बेरुजु सहित कुल बाँकी बेरुजु :१९९९५९२४

खर्चको अनुपातमा वेरुजु प्रतिशत : २

18

## सम्पादित कार्यहरु:

- समयमा नै गांउ परिषद, जिल्ला परिषद सम्पन्न भएको।
- इलाकास्तर वाट माग भएको योजनालाई प्राथमिकता दिई छनौट गरिएको।
- न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यमा सफलता प्राप्त भई थप अनुदान प्राप्त हुने।
- जिल्लाका सवै गाविसमा सामाजिक परिचालन कार्यक्रम संचालन गरिएको।
- जिल्ला सुपरीवेक्षण तथा अनुगमन समिति क्रियाशिल भई योजनाहरुको अनुगमन गरिएको।
- योजना कार्यान्वयनमा महिला सहभागिता वृद्धि भएको।
- सडक आयोजनामा मर्मत सम्भार कोषको ब्यवस्था गरीएको।
- पेश्की दिने कार्य निरुत्साहि गरिएको।
- ठेक्का ब्यवस्थापन विद्युतीय प्रणाली (E-Bidding) मार्फत संचालन गरिएको।
- जिविसमा सूचना सम्प्रेषण गर्न SMS सेवा र CCTV जडान।
- वेरुजु ७७ प्रतिशत फर्छौट गर्न सफल भएको।
- जिल्लामा भूकम्प पश्चात ८ गाविसमा अस्थायी गाविस भवन निर्माण
- नीजि आवास अनुदान सम्झौता ४७४५७ सम्पन्न र २०३९ घरधुरी लाई रु. १०१९५००००। रकम वितरण भएको।
- हाल सम्म सम्झौता घरधुरी ४७४५७ अनुदान वितरण घरधुरी ५१२९ घरधुरी

## समस्या/चुनौतीहरु

- बजेट अख्तियारी समयमा प्राप्त नहुनु, योजना छनौटमा ढिलाई
- योजनाहरुको प्राथमिकीकरणमा कठिनाइ .
- योजना संख्या अत्याधिक भएकोले प्रभावकारी अनुगमन गर्न कठिनाइ
- जनश्रमदान जुट्न नसक्नु, उपभोक्ता समिति गठनमा विवाद, उपभोक्ता समितिले योजना प्रति जिम्मेवारी र अपनत्व ग्रहण गर्न नसक्नु
- ग्रामीण सडक निर्माणमा मेशिनको प्रयोगले गर्दा वातावरण मैत्री हुन नसकेको

# धन्यवाद

कुनै सुझाव/जिज्ञासा?

21